आज मिति २०८२/०७/१४ गते शुक्रवारका दिन विहान ८:०० बजे चक्रघट्टा गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा बुँदागत छलफल गरी निम्नानुसार निर्णय गरियो ।

<u>तपसिल :</u>

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय (वडाध्यक्ष वडा नं. १) | सदस्य |
| श्री विनोद कुमार राय (वडाध्यक्ष वडा नं. २) | सदस्य |
| श्री दिनेश कुमार साह (वडाध्यक्ष वडा नं. ३) | सदस्य |
| श्री फैयाज अहमद (वडाध्यक्ष वडा नं. ४) | सदस्य |
| श्री नागेन्द्र प्रसाद साह (वडाध्यक्ष वडा नं. ५) | सदस्य |
| श्री राजेश कुमार यादव (वडाध्यक्ष वडा नं. ६) | सदस्य |
| श्री नविन कुमार राय (वडाध्यक्ष वडा नं. ७) | सदस्य |
| श्री रामकैलाश राउत (वडाध्यक्ष वडा नं. ८) | सदस्य |
| श्री विजय कुमार यादव (वडाध्यक्ष वडा नं. ९) | सदस्य |
| श्री ईन्द्रकला देवी | सदस्य |
| श्री रिता कुमारी | सदस्य |
| श्री शोसिला कुमारी यादव | सदस्य |
| श्री श्याम कुमारी राम | सदस्य |
| श्री फेकु साह कानु | सदस्य |
| श्री राकेश ठाकुर (लोहार) | सदस्य |
| श्री रामबाबु प्रसाद कुशवाहा (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

आमन्त्रित :

श्री दुर्गानन्द कुमार यादव (योजना शाखा)

श्री राजिव महतो (लेखा प्रमुख)

CamScanner

प्रस्तावहरु :

१. कार्यपालिकाको निर्णयको समिक्षा सम्बन्धमा ।

२. १५ औं गाउंसभाको भत्ता सम्बन्धमा ।

३. आवश्यक विद्युत उपकरण खरिद गर्ने सम्बन्धमा ।

४. प्रमुख प्रशासकीय अधिकृतलाई तालिमको लागि मनोनित सम्बन्धमा ।

५. पेश्की फछ्यौंटको लागि पत्राचार गर्ने सम्बन्धमा ।

६. करार सेवामा भर्ना गर्ने सम्बन्धमा ।

७. विद्युत बिल भुक्तानी गर्ने सम्वन्धमा ।

८. सम्झौता अनुमोदन सम्बन्धमा ।

९. जिन्सी निरीक्षण समिति गठन गर्ने सम्बन्धमा ।

१०. रोजगार सहायकको करार सेवा निरन्तरता गर्ने सम्बन्धमा ।

११. बहुक्षेत्रिय पोषण कार्यक्रमको बार्षिक कार्ययोजना पारित गर्ने सम्वन्धमा ।

१२. राजश्व परामर्श समितिको मिति २०८२।०६।३१ गतेको निर्णय कार्यान्वियन सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. २०८२।०८३ मा यस अघि भएको कार्यपालिकाको पूर्व निर्णयहरुलाई समिक्षा गर्दा कार्यपालिकाको निर्णय कार्यपालिकाको कार्यालयबाट सबै सरोकारवालाहरुको संलग्नतामा कार्यान्वियन भई रहेकोले निर्णय कार्यान्वियन संतोषजनक रहेको निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८२।०८३ को लागि संचालित १५ औं गाउँसभाका लागि भएको खर्चमा गाउँसभा सदस्यहरु बसेको बैठक भत्ता उपलब्ध नभएकोले चालु आ.व.मा गाउँसभा खर्चका लागि छुट्याइएको रकमबाट बैठक भत्ता वापत हुन आउने रकम वितरण गरी विशेष सभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा वडा कार्यालयबाट नागरिकता सिफारिश गर्दा गृह मन्त्रालयबाट तयार गरिएको प्रणालीमा Online Entry गरी प्रमाणित कागजात प्रणालीमा Upload गरी नागरिकता सिफारिश कार्य गर्दा विद्युत उपकरण खरिद गर्नुपर्ने भएकोले सो कार्यको लागि आवश्यक विद्युत उपकरण खरिद गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको च.नं. २००/२०८२/०८३ मिति २०८२/०७/१२ गतेको पत्रानुसार मिति २०८२ मंसीर ०८ देखि १२ गतेसम्म स्थानीय सरकारको प्रशासनिक नेतृत्वको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्रतिष्ठानद्वारा संचालन हुने "Leading Change : Organizational Development Intervention" प्रशिक्षण कार्यक्रममा सहभागिताको लागि यस कार्यालयको प्रमुख प्रशासकीय अधिकृत श्री रामबाबु प्रसाद कुशवाहालाई मनोनयन गरी पठाउने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८१।०८२ सम्ममा पेश्की कायम रहेका फर्म/व्यक्ति/संस्थालाई पेश्की फछ्यौंटको लागि पत्राचार गर्ने निर्णय गरियो ।

CamScanner

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिल अनुसारका पदमा स्थायी पदपूर्तिका लागि लोक सेवा आयोगसँग कर्मचारी मांग भएपनि हाल पदपूर्ति नभएसम्मका लागि रिक्त रहेका दरबन्दीमा तपसिल अनुसारका कर्मचारी स्थायी पदपूर्ति भएमा स्वतः खारेज हुने गरी करार सेवा पदपूर्ति गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | सेवा/समूह | तह | संख्या |
|---|---|---|---|
| १. | ईन्जिनियर (सिभिल) | छैटौं | १ (एक) |
| २. | सब ईन्जिनियर (सिभिल) | पाँचौं | ३ (तीन) |
| ३. | अमिन (सर्भे) | चौथो | १ (एक) |
| ४. | हलका सवारी चालक | श्रेणी विहिन | १ (एक) |
| ५. | जनस्वास्थ्य अधिकृत (स्वास्थ्य) | अधिकृत सातौं | १ (एक) |

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिकाको कार्यालयको नाउँमा तथा विभिन्न वडाका नाउँमा हालसम्म बाँकी रहेका विद्युत महसुल यकिन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा बाल विकास संयोजकलाई निरन्तरताको लागि सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा र चक्रघट्टा गाउँपालिकाको तर्फबाट गाउँपालिका अध्यक्ष बीच भएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व.२०८१।०८२ चक्रघट्टा गाउँपालिकाको कार्यालयको जिन्सी निरीक्षण गर्न तपसिल अनुसारको जिन्सी निरीक्षण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

श्री रामईश्वर राय यादव (अधिकृत छैटौं) - संयोजक
श्री सुभाष कुमार यादव (अधिकृत छैटौं) - सदस्य
श्री दिनेश राय (सहायक पाँचौं) - सदस्य

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपूर्ती सम्बन्धी मापदण्ड, २०७८ बमोजिम चक्रघट्टा गाउँपालिकामा कार्यरत रोजगार सहायकको अवधि २०८२ अषाढ मसान्तसम्म रहेको र प्रधानमन्त्री रोजगार कार्यक्रमको पत्र संख्या ४-०८१।०८२, च.नं. ४१९ मिति २०८२।०२।०१ गतेको पत्रानुसार मांग र आवश्यकता अधारमा स्थानीय तहले स्थानीय तहबाट नियमानुसार जनशक्ति व्यवस्थापन गर्नुहुन भनिएकोले सोही अनुरुप यस गाउँपालिकामा रिक्त रहेका सहायक कम्प्युटर अपरेटर पदपूर्ति नभएसम्म यस कार्यालयमा कामकाज गर्दै रहेका निज रोजगार सहायकलाई सो सरह पदमा म्याद थप गरी स्थानीय तहका अन्य कर्मचारी शीर्षकबाट तलव भत्ता खाने गरी मिति २०८२ श्रावण १ गतेदेखि मिति २०८२ पौष मसान्तसम्मको लागि रोजगार सहायकलाई निरन्तरता गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा आ.व. २०८२।०८३ का लागि पालिकास्तरीय खाद्य सुरक्षा निर्देशक समितिबाट पेश भएको बहुक्षेत्रिय पोषण कार्यक्रमको बार्षिक कार्य योजना पारित गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिकाको राजश्व परामर्श समितिको मिति २०८२।०६।३१ गते पोखरी/बजार/सटरहरुको ठेक्का व्यवस्थापन गर्नलाई भएको निर्णय बमोजिम ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।